स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अनलाइनखबरको "४० मुनिका ४०" सूचीमा समावेश भएपछि अभिनेत्री स्वस्तिमा खड्काले आयोजित समारोहमा राष्ट्रपति रामचन्द्र पौडेलबाट अवार्ड ग्रहण गरिन्। अवार्ड लिएपछि स्वस्तिमाले सामाजिक संजालबाट उत्साह व्यक्त गरेकी छन्। राष्ट्रपति पौडेलको हातबाट सम्मान ग्रहण गर्न पाउनु आफ्ना लागि विशेष क्षण रहेको उल्लेख गर्दै उनले यस्तो सम्मान र मान्यताले सुसीसँगै आफूलाई जिम्मेवारी बोध महसुस गराएको पनि उल्लेख गरेकी छन्।

आजको विचार...



दैनादेवी ... *(दुई पेजमा)*

राम कार्की

बलिउड अभिनेता सलमान खानको फिल्म "मातृभूमि" ले केन्द्रीय चलचित्र प्रमाणन बोर्ड (सीबीएफसी) बाट प्रदर्शन अनुमति पाएको छ । सन् २०२० मा भारत र चीनका सैनिकबीच गलवान उपत्यकामा भएको झडपको पृष्ठभूमिमा फिल्म निर्माण गरिएको छ । यो युद्धप्रधान फिल्मलाई लिएर दर्शकमाझ सुरुदेखि नै उत्सुकता छ।



❐ वर्ष ३२ ❐ अंक ११३ ❐ २०८३ मंसिर ४ गते शुक्रबार 20 November 2026, Friday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

संक्षिप्त समाचार

साउदी आक्रमणमा ११ जनाको मृत्यु

रासस

इमन, मंसिर ३/ यमनमा पछिल्लो २४ घण्टामा साउदी अरबले गरेको हवाई आक्रमणमा परी ११ जनाको मृत्यु भएको छ भने ३६ जना घाइते भएका छन् ।इरान समर्थित हुथी विद्रोहीद्वारा सञ्चालित सञ्चारमाध्यमले बिहीबार सार्वजनिक गरेको विवरणअनुसार यमनका ताइज, होदाइदा, सादा, हज्जा र इब प्रान्तमा भएका हवाई आक्रमणमा उनीहरूको मृत्यु भएको हो ।


हुथी स्वास्थ्य अधिकारीलाई उद्धृत गर्दै हुथी सञ्चालित अल-मसिराह टेलिभिजनले उक्त विवरण सार्वजनिक गरेको हो ।टेलिभिजनका अनुसार साउदी लडाकु विमानहरूले यमनको राजधानी सानामा पनि पटक-पटक हवाई आक्रमण गरेका थिए । राजधानीमा भएको आक्रमणबाट भएको मानवीय क्षतिबारे तत्काल कुनै विवरण सार्वजनिक भएको छैन ।आक्रमणका क्रममा राजधानीका विभिन्न क्षेत्रमा शक्तिशाली विस्फोटका आवाज सुनिएको स्थानीय बासिन्दाले सिन्हुवालाई बताएका छन् । आकाशमा लडाकु विमान उडिरहेका बेला पटक-पटक भएका विस्फोटले घरहरू हल्लिएको र त्रासका कारण बाहिर निस्कनसमेत डर लागेको एक स्थानीय बासिन्दाले बताए ।

आजदेखि पाल्पामा 'सत्यवती मेला' : चिच्याएर सत्यवती बज्यैसँग वर मागिदैं

रामचन्द्र रायमाझी

पाल्पा, मंसिर ३/ पाल्पाको ऐतिहासिक तथा धार्मिक 'सत्यवती मेला' आजदेखि सुरु भएको छ । तिनाउँ गाउँपालिका -४ सत्यवती ताल क्षेत्रमा रहेको मन्दिरमा मेला सुरु भएको हो ।

हरेक वर्ष कार्तिक पूर्णिमाका दिनदेखि लाग्ने मेलामा सत्यवती बज्यैसँग चिच्याएर वर माग्ने गरिन्छ । चिच्याएर वर मागेमा मनोकामना पुरा हुने जनविश्वासका कारण मेला अवधिभर बज्यैसँग वर माग्ने गरिन्छ । मेला अवलोकन गर्न आउने भक्तजनहरुले सत्यवती बज्यैसँग वर माग्दै छन् । सत्यवती बज्यै देवी कानले नसुन्ने भएकाले भक्तजनले चिच्याएर वर माग्ने चलन परम्परादेखि नै रहेको छ ।यस वर्ष मंसिर ४ (आज) देखि ८ गतेसम्म सत्यवती मेला आयोजना गरिएको सत्यवती मन्दिर तथा ताल संरक्षण विकास समितिका अध्यक्ष दानबहादुर गाहाले बताए । उनले भने "मेलाको लागि आवश्यक प्रवन्ध मिलाई सकिएको ।" मंसिर ४ देखि मेला सुरु हुने भएपनि मंसिर ७ गते राती पूर्णिमा परेकोले ७ र ८ गतेको दिनलाई यो वर्ष पुजाको विशेष दिनका रुपमा लिइएको छ । यो वर्ष विगतका वर्षभन्दा भक्तजनको संख्या बढी हुने अनुमान गरिएको छ । यस वर्ष सत्यवती बजैको दर्शन तथा पूजाआजा गर्न विशेष साइत जुरेकाले गत वर्षभन्दा धेरै भक्तजन सहभागी हुने मन्दिर व्यवस्थापन समितिको अपेक्ष गरेको हो ।



यो वर्षपनि मन्दिर परिसरमा लाइटिङको व्यवस्था तथा ठाउँ(ठाउँमा सिसिटिभी क्यामेरा जडान गरिनुका साथै मदिराजन्य पदार्थलाई निषेधित गरिएको छ । परम्परादेखि नै यहाँ चिच्याएर बर माग्ने अनौठो मेला लाग्ने गर्दछ । साइत जुरेको समयमा सत्यवती बज्यैको दर्शन गरेमा मनको इच्छा पूरा हुने जनविश्वास रहेको छ । विगतका वर्षमा कार्तिक शुक्ला चतुर्दशीका दिन भक्तजन सत्यवती बज्यैको मन्दिरमा बास बस्ने, पूजा पाठ गर्ने, बिहान देवीसँग चिच्याएर वर मागी फिर्सामिसेमै बाटो लाग्ने चलन आजकल परिमार्जित गरिएको हो । केही वर्षदेखि भने कार्तिक शुक्लपक्षको त्रियादशीको दिनदेखि पूर्णिमासम्म रात दिन सत्यवती बज्यैको पूजा पाठ गरी चिच्याएर वर माग्ने गरिएको छ । परापूर्व कालमा सत्यवती बज्यै घना जंगलकोबीचमा आई तपस्या गरेपछि शक्ति प्राप्त गरेको किमबदन्तीमा उल्लेख छ । *(... बाँकी अन्तिम पेजमा)*

बस दुर्घटनामा १४ यात्रु घाइते



दाङ, मंसिर ३/बुटवलबाट बाँकेको नेपालगञ्ज जाँदै गरेको यात्रुवाहक बस बिहीबार बिहान दाङको लमहीमा दुर्घटना हुँदा १४ जना घाइते भएका छन् । बाँकेको कोहलपुरका स्थानीय रिजर्भमा बुटवल भ्रमण गरी फर्किने क्रममा भे.१ ख ३१३० नम्बरको बस लमही नगरपालिका-९ स्थित अमिलियामा दुर्घटनामा परेको जिल्ला प्रहरी कार्यालय दाङले जनाएको छ । घटनापछि बस चालक कोहलपुर नगरपालिका-१४, हवल्दारपुर, बाँके निवासी २६ वर्षीय राजकुमार विकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । बसमा चालक र सहचालकसहित ५३ जना सवार रहेको प्रहरीले जनाएको छ । घाइतेहरूलाई उपचारका लागि बाँकेको कोहलपुरस्थित मेडिकल कलेज पठाइएको छ । घाइते हुनेमा बाँकेको बैजनाथ गाउँपालिका-४ निवासी २० वर्षीया पूर्णिमा थापा, २२ वर्षीया अनिषा सुनार, बर्दियाको बाँसगढी नगरपालिका-३ निवासी १९ वर्षीय जीवन सुनार, ३० वर्षीय सन्दीप सुनार र १८ वर्षीया सन्ध्या सुनार छन् ।

यस्तै, बाँसगढीकै १८ वर्षीया निरुता सुनार, ११ वर्षीया प्रज्ञा सुनार, १६ वर्षीया आकृति सुनार, १९ वर्षीय हरिकृष्ण नेपाली र १८ वर्षीया मनिषा सुनार घाइते छन् । अन्य घाइतेहरूमा १५ वर्षीया पूजा सुनार र दीपक सुनार, १६ वर्षीया पुष्पा सुनार र २२ वर्षीय करण सुनार रहेको प्रहरीले जनाएको छ । घाइते सबैको अवस्था सामान्य रहेको जनाइएको छ ।

आज हरिबोधिनी एकादशी, तुलसीको विवाह गरिदैं

पाल्पा, मंसिर ३/ हिन्दू धर्मावलम्बीको महत्वपूर्ण पर्व हरिबोधिनी एकादशी आज (शुक्रबार) देशभर श्रद्धा र भक्तिपूर्वक मनाइँदै छ । यस अवसरमा घर-घरमा तुलसीको मठ सजाएर भगवान् विष्णुको प्रतीक शालिग्रामसँग तुलसीको विवाह गरिने धार्मिक परम्परा छ । प्रत्येक वर्ष कार्तिक शुक्ल एकादशीका दिन मनाइने हरिबोधिनी एकादशीलाई देवउठनी एकादशी पनि भनिन्छ ।

आषाढ शुक्ल एकादशीका दिन क्षीरसागरमा शयन गरेका भगवान् विष्णु चार महिनापछि यसै दिन जागा हुने धार्मिक विश्वास रहिआएको छ । यससँगै चतुर्मास व्रतको समापन हुने धार्मिक मान्यता छ । हरिबोधिनी एकादशीका दिन बिहानै उठेर स्नान गरी भगवान् विष्णुको पूजा आराधना गर्ने, व्रत बस्ने तथा तुलसीको मठमा दीप प्रज्वलन गर्ने परम्परा छ । यस दिन तुलसी र शालिग्रामको विवाह गरिदिने चलनसमेत रहेको छ । तुलसीलाई भगवान् विष्णुको प्रिय वनस्पतिका रूपमा पूजा गरिन्छ । धार्मिक मान्यताअनुसार तुलसी विवाह गरेमा पुण्य प्राप्त हुने, परिवारमा सुख, शान्ति र समृद्धि छाउने विश्वास गरिन्छ । यस दिन तुलसीको मठलाई फूलमाला, तोरण र विभिन्न सामग्रीले सजाएर विधिपूर्वक विवाह गरिन्छ । विवाहमा शालिग्रामलाई भगवान् विष्णुका रूपमा स्थापना गरी तुलसीसँग वैवाहिक संस्कार सम्पन्न गरिन्छ । हरिबोधिनी एकादशीसँगै हिन्दू धर्मावलम्बीका घरमा विवाह, व्रतबन्धलगायतका शुभकार्य सुरु गर्ने धार्मिक परम्परा पनि जोडिएको छ । विशेषगरी चतुर्मास अवधिमा रोकिएका शुभकार्य यसपछि सञ्चालन गर्न सकिने धार्मिक विश्वास रहिआएको छ । धार्मिक, सांस्कृतिक र आध्यात्मिक महत्व बोकेको यस पर्वले तुलसीको संरक्षण, प्रकृतिप्रतिको सम्मान तथा पारिवारिक र सामाजिक सद्भावको सन्देशसमेत दिने गरेको छ । हरिशयनीदेखि हरिबोधनी एकादशीका दिनसम्म चार महिना विष्णुका भक्तले तुलसीको व्रत गरी विशेष पूजा-आराधना गर्दछन् । विष्णु क्षीर सागरमा सुतेकाले यी चार महिना विवाह व्रतबन्ध जस्ता मांगलिक कार्य नगरिने परम्परा छ । यस समयमा खोला, नदी नालामा बाढी-पहिरो आउने र सर्पजस्ता जीवको भयका कारण यात्रा नगर्नु शुभ मानिन्छ ।



पा.वि.हु.द.नं. ०५१/०५२ पा.वि.प्र.का.द.नं. १९/०५१/०५२
नवजनचेतना

सम्पादकीय

बाल दिवसको सार्थकता

विश्व बाल दिवस आज नेपाल सहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ । हरेक वर्ष नोभेम्बर २० मा मनाइने यस दिवसले बालबालिका राष्ट्रका भविष्य मात्र होइनन्, वर्तमानका महत्वपूर्ण हिस्सा पनि हुन् भन्ने सन्देश दिन्छ । बालबालिकाको अधिकार, सुरक्षा, शिक्षा, स्वास्थ्य, सम्मान र समग्र विकासप्रति राज्य, समाज तथा परिवारलाई जिम्मेवार बनाउन प्रेरित गर्ने महत्वपूर्ण दिवस हो । बालबालिकाको उचित संरक्षण, अवसर र सहभागिताबिना समुन्नत समाज निर्माण सम्भव छैन । बालबालिका कुनै पनि राष्ट्रका अमूल्य सम्पत्ति हुन् । उनीहरूको शारीरिक, मानसिक, बौद्धिक र सामाजिक विकासका लागि सुरक्षित तथा अनुकूल वातावरण निर्माण गर्नु राज्यको प्रमुख दायित्व हो । प्रत्येक बालबालिकाले शिक्षा, स्वास्थ्य, पोषण, खेलकुद, मनोरञ्जन, संरक्षण र समान अवसर प्राप्त गर्न पाउनुपर्छ । तर व्यवहारमा अझै पनि धेरै बालबालिका आधारभूत अधिकारबाट वञ्चित छन् । यो अत्यन्तै दुखको कुरा हो ।

बालअधिकारका रुपमा बाँच्न पाउने, खान पाउने, पढ्न पाउने, स्वास्थ्य उपचार पाउने, सुरक्षित हुन पाउने, स्वतन्त्र हुन पाउनेदेखि खेल्न पाउने, पहिचानको अधिकार पाउनेसम्मलाई परिभाषित गरिएको छ । जति नै अधिकारका कुरा गरिए पनि कयौँ बालबालिकाहरु भने अझै पनि कुपोषणको सिकारमात्रै बनिरहेका छैनन्, समयमै उपचार नपाउँदै अकालमै मृत्यु वरणसमेत गरिरहेका छन् । अझ पछिल्लो समय त विश्वका कयौँ युद्धग्रस्त देशमा द्वन्द्वकै कारण हजारौँ बालबालिकाहरु हिंसाको समेत सिकार भैरहेका छन् । नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ । बालबालिकालाई नामकरण र जन्मदर्ता, शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद तथा मनोरञ्जनको अधिकार प्रदान गरिएको छ । त्यस्तै, बालश्रम, बालविवाह, बेचबिखन, अपहरण, शोषण र शारीरिक तथा मानसिक यातनाविरुद्ध कानुनी व्यवस्था पनि गरिएको छ । यद्यपि कानुनमा अधिकार सुनिश्चित हुँदैमा व्यवहारमा त्यसको पूर्ण कार्यान्वयन भएको मान्न सकिँदैन । यस्ता समस्याको अन्त्यका लागि कानुनी कारबाहीसँगै जनचेतना, अभिभावकको जिम्मेवारी र बालमैत्री वातावरण निर्माणमा जोड दिनुपर्छ । बालबालिकालाई डर, त्रास र दबाबमा होइन, माया, सद्भाव, सम्मान र प्रोत्साहनका साथ हर्काउनुपर्छ। उनीहरूको कुरा सुन्ने, भावना बुझ्ने र समस्यालाई गम्भीरतापूर्वक लिने संस्कार परिवारदेखि राज्यसम्म विकास हुनुपर्छ । विश्व बाल दिवसका अवसरमा विभिन्न कार्यक्रम आयोजना गरेर बालअधिकारका विषयमा चर्चा गर्नु सकारात्मक पक्ष हो । तर दिवस मनाउने औपचारिकतामा मात्र सीमित भएर बालबालिकाका वास्तविक समस्या ओझेलमा पारिनु हुँदैन । बालबालिकाको मुस्कान, सुरक्षा र उज्ज्वल भविष्य सुनिश्चित गर्नु नै विश्व बाल दिवस मनाउनुको सार्थकता हो ।

Opinion @ Social Network

परिवर्तन को लागि कहिल्यै नडराउनु,
जति धेरै गुमाउनुहुन्छ त्यो भन्दा धेरै पाउनु पनि हुन्छ।
(कुशल रिजालको फेसबुक स्टाटसबाट www.facebook.com/Kushal.Rijal)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईंसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईंहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईंका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

रैनादेवी मन्दिरको महिमा र न्वागी पर्वको महत्व



न्वागी सांस्कृतिक पहिचान र सद्भावको पर्व

न्वागी पर्व पाल्पा जिल्लाको पश्चिम क्षेत्रमा बसोबास गर्ने सानिसहरुले परापूर्व कालदेखि मनाउदै आएको मौलिक पर्व हो । यस क्षेत्रका रैनादेवी, मछिन्द्रादेवी, कालिका, नयाँदेवी, पुराना देवी (गढी) लगायतका थान, मन्दिरमा न्वागीमा पूजाआजा हुने गर्दछ । विशेष गरी रैनादेवी मन्दिरको सबैभन्दा विशिष्ट र महत्वपूर्ण सांस्कृतिक एवं धार्मिक पर्वका रूपमा न्वागी पर्व जनमानसमा परिचित रहेको छ । यो पर्व केवल धार्मिक अनुष्ठान मात्र होइन, यो त कृषकको मेहनत, एवं कृषि सभ्यताको होतक, प्रकृति सम्मानको प्रतिक, दैविय शक्ति प्रतिको आस्था, सामाजिक सद्भाव एवं एकताको पूञ्ज हो ।

किसानहरूले प्रायः असार, साउन महिनामा धान रोप्ने र कार्तिक महिनामा धानबाली घरमा भित्र्याउने गर्दछन् । यसरी नयाँ धान उत्पादन गरेपछि सर्वप्रथम रैनादेवी मन्दिरमा चढाउने र तत्पश्चात् दैनिक जीवनमा उपभोग गर्ने परम्परा रहेको छ । न्वागी पर्वमा नयाँ धानको चामल, दही, सिलाम, केरा, मह लगायतका परिकार रैनादेवीलाई चढाएर न्वागी खाने प्रचलन छ । न्वागी पर्वप्रति यहाँका सानिसहरूको आस्था एवं विश्वासको मनोवैज्ञानिक आधारलाई नियालेर हेर्दा, यस पर्वले किसान, भूमि र प्रकृतिबीचको अन्योन्याश्रित सम्बन्धलाई उजागर गर्दछ । अन्न उत्पादन गर्न प्रयोग गरिने भूमि, जल, हावा, घाम जस्ता प्राकृतिक स्रोतहरूप्रति भक्तिभाव प्रकट गर्ने मौलिक परम्परा पनि हो, न्वागी पर्व । किसानले आफ्नै श्रमको सम्मानका साथै दैविय शक्तिप्रतिको आस्था र महिमालाई निरन्तरता दिने अवसर पनि हो यो । यसै पर्वका दिन पूजाआजा गरेर भविष्यमा समेत सुख, समृद्धि र लोककल्याणको कामना गर्ने गरिँदै आएको छ । न्वागीको अर्को महत्वपूर्ण आयाम सांस्कृतिक पहिचान र सामाजिक सद्भाव हो । यस दिन मन्दिरमा बलि दिने, पूजाआजा गर्ने, न्वागी चढाउने धार्मिक अनुष्ठानसँगै मौलिक लोकसंस्कृतिका रूपमा रहेको ठूलो नाच, सोरठी, झाग्रे, भजन आदि प्रस्तुत गरेर वातावरणलाई मनोरञ्जनपूर्ण तथा उल्लासमय माहोल सिर्जना गरिएको हुन्छ । यसबाट लोक संस्कृतिको संरक्षण र सम्वर्द्धनमा टेवा पुगुका साथै नयाँ पुस्तालाई पुर्खाको मौलिक परम्परा पुस्तान्तरणका लागि महत्वपूर्ण अवसरका रूपमा पनि लिइन्छ । त्यस क्रममा स्वदेश तथा विदेशबाट आउने आफन्त, इष्टमित्र, साथीभाइ, सामाजिक तथा राजनैतिक व्यक्तित्वहरूको बाक्लो सहभागिता रहने, विचार आदानप्रदान गरिने र सुख-दुःख आपसमा बाँड्ने सुवर्ण मौका पनि यो पर्वले दिएको हो । त्यसैले यस पर्वलाई सामाजिक सद्भाव र एकताको प्रतीकका रूपमा लिन सकिन्छ ।

रैनादेवी प्रतिको आस्था र महिमा

रैनादेवीलाई पराक्रम, शक्ति र कल्याणकी देवी मानेर परापूर्वकालदेखि पूजाआजा गरिँदै आएको छ । भक्तजनहरूले आफ्नो मनोकांक्षा तथा चाहना पूरा होस् दुःख, कष्ट र संकट निवारण होस् अनि लोककल्याण होस् भनी भाकल गर्ने गर्दछन्। यसो गर्दा साहस र ऊर्जा प्राप्त हुने तथा मनले चिताएको कुरा पूरा हुने विश्वास जनमानसमा रहेको छ । रैनादेवीप्रतिको आस्था र शक्तिको व्यापक चर्चा सुनेपछि तत्कालीन पाल्पा राज्यका सेनवंशी राजाले "देवीमा साँच्चै शक्ति छ भने मेरो मेडा (राँगो) रैनादेवी मन्दिरको पहिलो पूजामा पुगोस" भनी भाकल गरी दरबारबाट छोडेका थिए। उक्त पाडो समयमै मन्दिरमा पुगेको भन्ने जनश्रुति रहेको छ । त्यसैबखतदेखि बडादशैँको महानवमीका दिन हुने पूजामा मौलोमा "पहिलो पाडो" भनी बलि दिने परम्परा सुरु भएको हो। सोही परम्पराअनुसार हाल पनि मन्दिरका पुजारीका तर्फबाट "पहिलो पाडो" चढाउने चलन कायमै छ । "पहिलो पाडो" बलि दिएपछि टाउको दौडँदै कालिकाको कोटघरमा पुऱ्याएर चढाउने चलन छ ।

रैनादेवी मन्दिरसम्बन्धी जनश्रुति

रैनादेवी मन्दिरको नामाकरण तथा ऐतिहासिक एवं पुरातात्त्विक महत्वका सन्दर्भमा विभिन्न जनश्रुतिहरू पाइन्छन्। जसअनुसार-'गोखुड्गा' भन्ने स्थानमा न्यौपाने थरका एक ब्राह्मण बस्दथे। उनको गाईले धेरै दिनसम्म दूध दिन छोडेपछि उनले गोठालालाई गाईको चियोचर्चा गर्न लगाएका रहेछन्।

एकदिन गोठालाले जंगलमा गाई चराउन लैजाँदा गाईले जंगलमा रहेको एक मूर्ति माथि आफैँ दूध चढाइरहेको अद्भुत दृश्य देखेछन् र घरमा आएर सो कुराको जानकारी गराएछन्। तत्पश्चात् गोखुड्गा जंगलमा रहेको उक्त मूर्ति निकाल्न खोज्दा झनझन् जमिनमुनि भासिँदै गएको र पछि कोदालोलगायतका हतियार समेत प्रयोग गरी बल गर्दा मूर्ति भाँचिएर रगतका छिटा निस्किएको भन्ने जनविश्वास छ ।यसैबीच स्थानीय 'दर्लामी' थरका एक व्यक्तिले सपनामा देवी रुँदै, भौँतारिँदै हिँडिरहेको र "यहाँ मेरो अपमान भएकाले म अन्यत्र जान्छु" भनेको भावको सपना देखेछन्। त्यसपछि उनले देवीको संरक्षण गर्ने वाचा गरेअनुरूप त्यस भेगका ९ थुम्काका मानिस भेला गरी गोखुड्गाको यस दिव्य भूमिमा रैनादेवीलाई बिराजमान गराई पूजाआजा गर्न थालेको किम्वदन्ती छ । त्यति बेला सबैले रोइन देवी रोइन देवी भन्दै जाँदा कालान्तरमा "रैनादेवी" नाम रहेको भनाई छ ।


ऐतिहासिक रैनादेवी मन्दिरको फैलिएको महिमा र जनआस्थाको सम्मान गर्दै पाल्पाका साविकका गाविसहरूलाई एकीकृत गरी 'रैनादेवी छहरा गाउँपालिका' नामक स्थानीय सरकार गठन गर्ने प्रावधान राखेर राज्यले यस मन्दिरको उच्च सम्मान गरेको हो।

धार्मिक पर्व-पर्यटनको सम्भावना

रैनादेवी मन्दिर धार्मिक आस्थाको धरोहरका साथै प्राकृतिक सौन्दर्यले पनि भरिपूर्ण स्थान छ । यहाँबाट धवलागिरि, अन्नपूर्ण, माछापुच्छे लगायत हिमशृङ्खलाको मनोरम दृश्य दृश्यावलोक गर्न पाइन्छ । मन्दिरको महिमा, पुरातात्विक, ऐतिहासिक स्थल, मनोरम प्राकृतिक सौन्दर्य, वैभवपूर्ण संस्कृति जस्ता सबल पक्षहरूलाई मनन गर्दा यस क्षेत्रको धार्मिक धर्मपर्यटनको प्रचुर सम्भावना रहेको छ । तसर्थ रैनादेवी छहरालाई पर्यटकीय गन्तव्यका रुपमा विकसित गर्न तीनै तहका सरकारहरूले दीर्घकालीन योजना र रणनीति सहितको मास्टर प्लान बनाएर अघि बढ्नु आवश्यक छ ।

(लेखक राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक (ब.प्र.) समेत हुन् ।)

बाल अधिकारको सम्मान, उज्ज्वल भविष्यको निर्माण



'मेरो दिन, मेरो अधिकार, मेरो भविष्य' भन्ने नाराका साथ मनाउन लागिएको अन्तर्राष्ट्रिय बाल अधिकार दिवसले बालबालिकाको अधिकार, संरक्षण र भविष्यप्रतिको हाम्रो जिम्मेवारीलाई पुनः स्मरण गराएको छ । बालबालिका राष्ट्रका भविष्य मात्र होइनन्, वर्तमान समाजका महत्त्वपूर्ण सदस्य पनि हुन् ।

उनीहरूको सुरक्षित जीवन, उचित शिक्षा, स्वास्थ्य, विकास र सहभागिताको सुनिश्चितता गर्नु परिवार, समाज र राज्य सबैको दायित्व हो । संयुक्त राष्ट्रसंघीय बाल अधिकारसम्बन्धी महासन्धिअनुसार १८ वर्ष उमेर पूरा नगरेका प्रत्येक व्यक्ति बालबालिका हुन् । उनीहरूले कुनै डर, त्रास, विभेद र असुरक्षाविना सम्मानपूर्वक बाँच्न, हुर्कन, शिक्षा प्राप्त गर्न तथा आफ्नो सर्वाङ्गीण विकास गर्न पाउने अधिकार नै बाल अधिकार हो । प्रत्येक वर्ष नोभेम्बर २० तारिखमा विश्वभर अन्तर्राष्ट्रिय बाल अधिकार दिवस मनाइन्छ । यस दिवसले बालबालिकाको अधिकार सुनिश्चित गर्न अभिभावक, शिक्षक, समुदाय र सरकारको भूमिका तथा जिम्मेवारीप्रति सचेत गराउने काम गर्दछ ।अन्तर्राष्ट्रिय बाल अधिकार दिवसको सुरुवात सन् १९५४ बाट भएको हो । त्यसबेला संयुक्त राष्ट्रसंघले विश्वभरका बालबालिकाको कल्याण र अधिकार प्रवर्द्धन गर्ने उद्देश्यले नोभेम्बर २० लाई सार्वभौमिक बाल दिवसका रूपमा मनाउन सिफारिस गरेको थियो । त्यसपछि सन् १९५९ नोभेम्बर २० मा बाल अधिकारसम्बन्धी घोषणापत्र जारी भयो ।

बाल अधिकारको इतिहासमा अर्को महत्वपूर्ण उपलब्धि सन् १९८९ नोभेम्बर २० मा हासिल भयो । उक्त दिन संयुक्त राष्ट्रसंघको महासभाले बाल अधिकारसम्बन्धी महासन्धि पारित गरेको थियो । यही ऐतिहासिक दिनको सम्झनामा प्रत्येक वर्ष नोभेम्बर २० लाई अन्तर्राष्ट्रिय बाल अधिकार दिवसका रूपमा मनाउन थालिएको हो । नेपाल पनि बाल अधिकार संरक्षण र प्रवर्द्धनप्रति प्रतिबद्ध राष्ट्र हो । सन् १९९० सेप्टेम्बर २ मा बाल अधिकारसम्बन्धी महासन्धि विश्वव्यापी रूपमा लागू भएको १२ दिनपछि अर्थात् सन् १९९० सेप्टेम्बर १४(वि.सं. २०४७ भदौ २९ गते) नेपालले उक्त महासन्धिलाई बिनासर्त अनुमोदन गरी पक्ष राष्ट्रको सदस्यता प्राप्त गरेको थियो । २०४६ सालको ऐतिहासिक जनआन्दोलनपछि बनेको अन्तरिम सरकारले बालबालिकाको अधिकार संरक्षण गर्ने प्रतिबद्धतासहित महासन्धि अनुमोदन गर्ने निर्णय गरेको थियो । यही ऐतिहासिक दिनको सम्झनामा नेपालले वि.सं. २०६३ सालदेखि प्रत्येक वर्ष भदौ २९ गते राष्ट्रिय बाल दिवस मनाउँदै आएको छ । अन्तर्राष्ट्रिय बाल अधिकार दिवस मनाउनुको उद्देश्य बालबालिकाका अधिकारलाई व्यवहारमा कार्यान्वयन गर्नु हो । महासन्धिले सुनिश्चित गरेका बाँच्न पाउने, संरक्षण, विकास र सहभागिताका चार प्रमुख अधिकारको प्रत्याभूति गर्नु यसको मुख्य लक्ष्य हो । त्यसैनरी जात, लिङ्ग, धर्म, अपाङ्गता वा अन्य कुनै आधारमा बालबालिकामाथि हुने विभेद अन्त्य गर्नु, बालश्रम, बालविवाह तथा दुर्व्यवहारबाट उनीहरूलाई जोगाउनु र बालमैत्री वातावरण निर्माण गर्नु पनि यस दिवसका महत्वपूर्ण उद्देश्य हुन् । यसले राज्यलाई बालमैत्री कानुन तथा आवश्यक बजेट निर्माण गर्न प्रेरित गर्नुका साथै परिवार र समुदायमा बाल अधिकारसम्बन्धी चेतना अभिवृद्धि गर्ने र बालबालिकाका विचार तथा भावनाको सम्मान गर्ने सन्देशसमेत दिन्छ ।

(... बाँकी तेह्रौं पृष्ठमा)

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७३-५२१९९९
गुल्मी ०७८-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इलाका रामपुर ०७५-१९९५१५

अस्पताल कार्यालय
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४१९२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७३-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७१-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२९१७९
रामपुर अस्पताल: ०७८-४०७५४
एम्बुलेन्सन.
रेडरी क्लब बुटवल ०७१-५४४६००
लिग्रो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेडक्रस बुटवल ०७१-५४०४४४
रेडक्रस परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७३-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८१-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४०७८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०५५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ९४१७५८
बनगाई क्लब बनगाई ०७६-६९०७०२
रेडक्रस वेल्हह ०७१-५३७९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७२२९६४
न्यु एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७०२७६५
रामपुर टेड्नल्टी :९८५७०६२२४७,९८५७०६५०४

दैनिक राशिफल

मेष : नयाँ कामको प्रस्ताव आउन सक्छ। स्वास्थ्यमा घाँटीको ख्याल गर्नुहोस्।

वृष : घरमा आवश्यक काम थपिन सक्छ। आम्दानीसँगै खर्च पनि बढ्न सक्छ।

मिथुन : नयाँ जानकारीले सोच बदल्न सक्छ। व्यापारमा बिक्री बढ्ने मौका छ।

कर्कट : पुरानो बचत काम लाग्न सक्छ। काम गर्ने तरिकामा सुधार आउनेछ।

सिंह : सामाजिक भेटघाट बढ्नेछ। व्यापारमा प्रचार बढाउने सोच बन्नेछ।

कन्या : कागजी काम पूरा गर्न सकिनेछ। आम्दानी बढाउने उपाय भेटिन सक्छ।

तुला : साझेदारीमा राम्रो सहमति बन्नेछ। पढाइमा ठाउँ परिवर्तन गर्दा ध्यान बढ्नेछ।

वृश्चिक : यात्रामा समयको ख्याल गर्नुहोस्। आफ्नै निर्णयमा भरोसा बढ्नेछ।

धनु : बाहिरको कामले व्यस्तता बढाउनेछ। नयाँ ठाउँ जाने अवसर मिल्नेछ।

मकर : अनुभवी व्यक्तिको सुझाव काम लाग्नेछ। काममा नयाँ बाटो भेटिन सक्छ।

कुम्भ : साथीबाट नयाँ प्रस्ताव आउन सक्छ। कामपछि मनोरञ्जनको समय मिल्नेछ।

मीन : रचिको काम गर्ने मौका मिल्नेछ। आर्थिक रूपमा सानो लाभ हुन सक्छ।

रचारिय चर्चा

जनस्वास्थ्यको चुनौती बन्दै स्क्रब टाइफस



वातावरणीय अवस्था तथा रोग सार्ने माइटको चक्रसँग समेत सम्बन्धित रहेकाले यसको एकीकृत नियन्त्रण थप चुनौतीपूर्ण बनेको छ । जनस्वास्थ्यको चुनौती बन्दै स्कब

टाइफस, कसरी नियन्त्रण गर्ने ?

नेपालमा स्कब टाइफस पछिल्ला वर्षहरूमा जनस्वास्थ्य चुनौती बन्दै गएको छ र आर्थिक वर्ष २०७९/८० को ९ हजार २४३ बाट २०८१/८२ मा २५ हजार ४९४ पुगेको छ।नेपालमा स्कब टाइफस पछिल्ला वर्षहरूमा जनस्वास्थ्यको महत्वपूर्ण चुनौतीका रूपमा देखापर्दै गएको छ । विशेषगरी वर्षायाम र वर्षापछिको समयमा ज्वरोका बिरामी बढ्दै जाँदा स्कब टाइफसको जोखिम पनि उच्च हुने गरेको छ।समयमै पहिचान र उपचार हुन नसके यसले गम्भीर स्वास्थ्य जटिलता निम्त्याउन सक्छ ।

स्कब टाइफस के हो ?

यो ओरिएन्टिया 'सुत्सुगामुशी' ब्याक्टेरियाबाट हुने रोग हो । संक्रमित लार्भा अवस्थाको माइटले मानिसलाई टोकेपछि यो सर्छ । यो नाङ्गो आँखाले देख्न नसकिने सानो हुन्छ, माइटहरू मुसा वा मुसा प्रजातिका जनावरमा बस्छन् । यो रोग मानिसबाट मानिसमा सर्दैन । खेतबारी, झाडी, र ओसिलो झारपातयुक्त ठाउँमा जोखिम बढी हुन्छ, त्यसैले खेतबारीमा काम गर्ने किसान, घाँसदाउरा गर्ने, पशुपालक र वन क्षेत्रमा काम गर्ने मानिस बढी जोखिममा हुन्छन् । टोकेको सामान्यतया १ देखि ३ हप्तामा ज्वरो, टाउको दुख्ने र मांसपेशी दुख्ने, थकान, खोकी देखिन सक्छन् । टोकेको स्थानमा कालो पाप्रो सहितको घाउ देखिन सक्छ । यद्यपि, सबै संक्रमित व्यक्तिमा यस्ता लक्षण देखिँदैन । त्यसैले लक्षण नदेखिँदैमा स्कब टाइफसको संक्रमण छैन भन्न मिल्दैन ।

प्राय: काखी, जाँघ वा घाँटीजस्ता ठाउँमा हुन्छ । उपचार नभए निमोनिया, मिर्गौलासम्बन्धी समस्या, इन्सेफलाइटिस, मुटुसम्बन्धी जटिलता र बहुअंक विफलता हुन सक्छन् । विश्व स्वास्थ्य संगठनका अनुसार उपचार नगरिएको स्कब टाइफसको मृत्युदर ३० प्रतिशतसम्म पुग्न सक्छ । केही अध्ययनमा यसको मृत्युदर ६ प्रतिशतदेखि ३५ प्रतिशतसम्म रहेको उल्लेख छ ।

नेपालको पछिल्लो तथ्यांक

स्वास्थ्य सेवा विभागको वार्षिक स्वास्थ्य प्रतिवेदनअनुसार रिपोर्ट गरिएका बिरामी आर्थिक वर्ष २०७९/८० मा ९ हजार २४३, २०८०/८१ मा १६ हजार ५९७ र २०८१/८२ मा २५ हजार ४९४ पुगे, अर्थात् दुई वर्षमा करिब २.८ गुणा बढ्यो।इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा(इडीसीडी)को ३ नोभेम्बर २०२६ को विवरणअनुसार अनुसार, चालु वर्ष २०२६ को जनवरी १ देखि नोभेम्बर १ सम्म ७५ जिल्लामा १२ हजार २०७ जना स्कब टाइफसका बिरामी पत्ता लागेका छन् ।

प्रदेशगत रूपमा लुम्बिनीमा सबैभन्दा बढी ३ हजार ४७२ (२८.४ प्रतिशत), गण्डकीमा २,३१५ (१९.० प्रतिशत) र सुदूरपश्चिममा २,२६९ (१८.६ प्रतिशत) बिरामी छन् । जनसङ्ख्याको अनुपातमा भने गण्डकीमा प्रतिलाख ९५.९ को दरले सबैभन्दा उच्च सङ्क्रमण दर देखिएको छ । जिल्लातर्फ दाङ (७०३), स्याङ्जा (६४८) र सल्यान (५७५) शीर्ष स्थानमा छन् ।

एकीकृत नियन्त्रणमा चुनौती

स्कब टाइफसको निदानमा प्रमुख चुनौती यसको लक्षण अन्य सङ्क्रामक रोगहरू, जस्तै डेंगी, मलेरिया, टाइफाइड तथा लेप्टोस्पाइरोसिससँग मिल्दोजुल्दो हुनु हो । यसका अतिरिक्त, ग्रामीण तथा दुर्गम क्षेत्रमा स्वास्थ्य सेवाको सीमित पहुँच, प्रयोगशाला परीक्षणको अभाव, रोगबारे पर्याप्त जनचेतना नहुनु पनि अर्को चुनौती हो ।

यस्तो अवस्थामा प्रारम्भिक लक्षण देखिए पनि स्वास्थ्य संस्थामा समयमै नपुग्ने प्रवृत्ति हुन्छ । यसले रोग पहिचान तथा उपचारमा थप कठिनाइ सिर्जना गर्छ । विशेषगरी जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने तथा खेतबारी र वनजंगलमा काम गर्ने व्यक्तिहरूमा रोगको जोखिमबारे पर्याप्त जानकारी नहुँदा समयमै परीक्षण तथा उपचारका लागि स्वास्थ्य संस्थामा पुग्ने दर कम हुने गरेको छ ।यसका साथै, स्कब टाइफसको जोखिम मानव स्वास्थ्यसँगै वातावरणीय अवस्था तथा रोग सार्ने माइटको चक्रसँग समेत सम्बन्धित रहेकाले यसको एकीकृत नियन्त्रण थप चुनौतीपूर्ण बनेको छ ।

स्वास्थ्य प्रणालीको प्राथमिकता

स्कब टाइफसको रोकथाम, नियन्त्रण तथा प्रभावकारी व्यवस्थापनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, प्रदेश सरकार तथा स्थानीय तहको सहकार्य र सहभागितामा विभिन्न प्रयासहरू भइरहेका छन् । तथापि, रोगको जोखिम न्यूनीकरण, समयमै पहिचान र उपचारको पहुँच विस्तार गर्न स्वास्थ्य प्रणालीले निम्न विषयलाई प्राथमिकतामा राख्न आवश्यक छ ।

१. रोग निगरानी, प्रयोगशाला परीक्षण तथा अनुसन्धान सुदृढीकरण

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जिल्लास्थित स्वास्थ्य कार्यालय तथा स्थानीय तहबीच समन्वय गरी रोगको नियमित निगरानी, प्रयोगशाला परीक्षण, बिरामीको भौगोलिक तथा समयगत विश्लेषण र जोखिम क्षेत्रको पहिचान गर्ने । सम्भावित प्रकोप वा बिरामीको समूहगत सङ्क्रमण देखिएका क्षेत्रमा तत्काल स्थलगत अनुसन्धान तथा आवश्यक प्रतिकार्य सञ्चालन गर्ने ।

२. निदान तथा उपचार सेवाको पहुँच विस्तार

ग्रामीण तथा दुर्गम क्षेत्रका स्वास्थ्य संस्थामा आवश्यक परीक्षण सुविधा, औषधि, दक्ष जनशक्ति तथा गम्भीर बिरामीका लागि प्रभावकारी प्रेषण सेवाको व्यवस्था सुनिश्चित गर्ने ।

३. स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि

स्कब टाइफसको शंका, पहिचान, परीक्षण, उपचार तथा जटिल अवस्थाको व्यवस्थापनसम्बन्धी स्वास्थ्यकर्मीलाई नियमित तालिम तथा अभिमुखीकरण प्रदान गर्ने ।

४. समुदायस्तरमा जनचेतना अभिवृद्धि

जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने तथा कृषि, पशुपालन र वनजंगलमा काम गर्ने समुदायलाई माइटको टोकाइबाट बच्ने उपाय, व्यक्तिगत सुरक्षा र रोगका लक्षणबारे जानकारी दिने । ज्वरो आएमा समयमै स्वास्थ्य संस्थामा जाँच गराउने व्यवहार प्रवर्द्धन गर्ने ।

५. एक स्वास्थ्य रणनीति अवलम्बन तथा बहुक्षेत्रीय समन्वय

स्कब टाइफसको जोखिम मानव स्वास्थ्यसँगै वातावरणीय अवस्था, वनस्पति, मुसाजस्ता प्राणी तथा रोग सार्ने माइटको चक्रसँग समेत सम्बन्धित रहेकाले एक स्वास्थ्य रणनीतिअनुरूप मानव स्वास्थ्य, वन्यजन्तु तथा वातावरणसँग सम्बन्धित निकायहरूबीच समन्वय र सहकार्यलाई सुदृढ गर्ने ।

६.नीति, कार्यक्रम तथा स्रोत व्यवस्थापन

संघ, प्रदेश र स्थानीय तहका वार्षिक स्वास्थ्य कार्यक्रमहरूमा स्कब टाइफसको रोकथाम, निगरानी, निदान तथा उपचारलाई प्राथमिकताका साथ समावेश गरी आवश्यक बजेट, जनशक्ति र स्रोतसाधनको व्यवस्था गर्ने ।

यससँगै आम नागरिक स्वयं स्कब टाइफसको जोखिमप्रति अत्यन्तै सचेत र सावधान हुन आवश्यक छ । विशेषगरी खेतबारी, झाडी तथा वनजंगलमा काम गर्दा पूरा शरीर ढाक्ने कपडा र जुत्ता लगाउने, झारपात तथा झाडीमा अनावश्यक बस्न वा सुत्नबाट बच्ने र घरवरपरको वातावरण सफा राख्ने कुरामा ध्यान दिनुपर्छ । काम सकेपछि शरीरमा माइट टाँसिएको हुन सक्ने भएकाले नुहाउने र शरीर तथा कपडाको सरसफाइमा ध्यान दिनु उपयुक्त हुन्छ । विशेषगरी ज्वरो आउने, टाउको तथा मांसपेशी दुख्ने, अत्यधिक थकान हुने वा टोकेको स्थानमा कालो पाप्रोसहितको घाउ देखिने लक्षणलाई बेवास्ता नगरी तत्काल नजिकको स्वास्थ्य संस्थामा जाँच गराउनुपर्छ ।अन्ततः स्कब टाइफस नियन्त्रण सरकार र स्वास्थ्य प्रणालीको मात्र जिम्मेवारी नभई प्रत्येक नागरिकको सचेतना, व्यक्तिगत सुरक्षा, सामुदायिक सहभागिता तथा एक स्वास्थ्य रणनीति अनुरूपको बहुक्षेत्रीय समन्वय र सहकार्यसँग जोडिएको साझा जनस्वास्थ्य दायित्व हो ।

-अनलाईन खबर डटकम

खुलमखुला बिक्री भइरहेका छन् गुणस्तरहीन औषधि



रोग निको पार्न अस्पताल वा नजिकैको फार्मेसीबाट महँगो शुल्क तिरेर किनिने कतिपय औषधि उल्टै ज्यान जोखिममा पार्ने गुणस्तरहीन पाइन थालेको छ । यतिबेला नेपाली बजारमा बिक्री भइरहेका केही औषधि प्रयोगशाला परीक्षणमा फेल भई बजारबाट फिर्ता भइरहेका छन् । यसले आम नागरिकको जीवनमाथि भइरहेको गम्भीर लापर्वाहीलाई उदाङ्गो पारेको छ ।

गत असोज १४ गते औषधि व्यवस्था विभागले न्यून गुणस्तर पाइएका दुई वटा औषधि बजारबाट तुरुन्त फिर्ता गर्न र तिनको बिक्री वितरण रोक लगाउन अत्यन्त जरुरी सूचना प्रकाशित गऱ्यो । विभागले बजार अनुगमनका क्रममा संकलन गरी राष्ट्रिय औषधि प्रयोगशालामा परीक्षण गराउँदा विड्कल र 'कल्सिजेन -एफ' नामक क्यल्सियम तथा मिटामिनयुक्त चक्कीहरू तोकिएको मापदण्डअनुसार नभएको पाइएको थियो ।यसरी न्यून गुणस्तर भेटिएका औषधिहरू औषधि ऐन, २०३५ को दफा १४ बमोजिम बिक्री वितरणमा रोक लगाइएको थियो । साथै, ती औषधिको सिफारिस, बिक्री वितरण तथा प्रयोगसमेत नगर्न र नगराउन सम्बन्धित सबैमा जानकारी गराइएको थियो, जसमा सुनसरीको फार्मामिक्स लाइफ साइन्सेस प्रालिद्वारा उत्पादित 'विड्कल' (ब्याच नम्बर ०४२.०३५) र धादिङको नोभा जेनेटिका प्रालिद्वारा उत्पादित 'कल्सिजेन-एफ' (ब्याच नम्बर सीभीडी ३-३०६) औषधि छन् । यस्तै, विभागले गत असोज १ गते न्यून गुणस्तर पाइएको भन्दै टाइम फर्मास्युटिकल्सले उत्पादन गरेको ग्लीपिड-१ (ब्याच नम्बर जीएम(०७०) नामक औषधिलाई बजारबाट तुरुन्त फिर्ता पठाउन निर्देशन दियो । कारण थियो- औषधि न्यून गुणस्तरको हुनु ।

विभागले वेबसाइट मार्फत् सार्वजनिक गरेको सूचना अनुसार बजारबाट गुणस्तरहीन १६ प्रकृतिका औषधि फिर्ता भएका छन् । विभिन्न मितिमा बजार अनुगमनका क्रममा न्यून गुणस्तर फेला परेका ओन्डान्सेट्रोन-४, मार्बल, लिनारेस एम ८५०, एगलोसेफ १ जी, अड्रोक्सी, टिल्सेट २ एमएल, एमफास्ट-एल, ओमिट्रोन सिरप, भोमिसेत सिरप, अल्कल-डी ५००, पान्टोलोक-डीएसआर, आइपड-२०० डीटी र सेपोक्स २०० लगायतका औषधि बजारबाट फिर्ता गरिएको छ । राष्ट्रिय औषधि प्रयोगशालामा गरिएको परीक्षणमा यी औषधि तोकिएको मापदण्ड तथा गुणस्तर अनुरुप नभएको पाइएपछि औषधि ऐन, २०३५ बमोजिम तिनको बिक्री वितरणमा पूर्ण रोक लगाइएको छ ।यी त प्रतिनिधि उदाहरणमात्र हुन् । यस्ता घटनाले जनस्वास्थ्यमा गम्भीर असर पार्ने जोखिम बढाएका छन् ।देशभर औषधि पसल र फार्मेसीको संख्या २६ हजार हाराहारी छ । औषधि उद्योगको संख्या १३० पुगेको छ । नियमनकारी निकाय अन्तर्गत केन्द्र र मातहतका कार्यालय गरी कुल ११५ जनामात्रै जनशक्ति छ । त्यसमध्ये पनि निरीक्षण गर्ने जनशक्ति २४ जनामात्रै छ ।न्यून गुणस्तरका वा मापदण्ड नपुगेका औषधिहरू बजारमा बिक्री वितरण हुँदा बिरामीहरूले सही उपचार नपाउनेमात्र होइन, उल्टै उनीहरूको ज्यानै जाने वा स्वास्थ्यमा थप जटिल समस्या सिर्जना हुने उच्च जोखिम रहने सरोकारवाला बताउँछन् । फर्मास्लोजिष्ट डा. प्रणय मिश्रले गुणस्तरहीन औषधि बिक्री वितरण हुन नदिन सरकारले अनुगमनलाई प्रभावकारी बनाउनुपर्ने बताए । उनले भने, 'नेपालको जनसंख्या झन्डै तीन करोड पुगिसकेको छ, तर औषधि व्यवस्था विभागमा पहिलेकै दरबन्दी छ । ट्रेन्ड जनशक्ति बढाउनुपर्‍यो ।'मिश्रले औषधि उत्पादन तथा नियमन निकायले बजार अनुगमनलाई अझै कडा बनाउनुपर्ने र आम नागरिक सचेत हुनुपर्ने बताए ।औषधि व्यवस्था विभागका सूचना अधिकारी निनु श्रेष्ठले हाल अनुगमनका लागि पर्याप्त प्राविधिक जनशक्तिको अभाव खट्किएको बताइन् । औषधिको गुणस्तर परीक्षण गर्दा फार्माकोपियाको मापदण्ड अनुसार सक्रिय तत्वको मात्रा नपुगेका तथा तोकिएको समयमा ट्याब्लेट वा क्याप्सुलहरू नखुल्नेजस्ता समस्या भेटिने गरेका छन् ।औषधि उत्पादनको क्रममा त्रुटिको प्रतिशत शून्यमा झार्न कठिन भए पनि यस्ता समस्या न्यूनीकरणका लागि विभागले निरन्तर प्रयास गरिरहेको छ ।त्यस्तै, सीमा नाकाहरूमा औषधि अनुगमनका लागि विभागको छुट्टै एकाइ नरहेकाले प्रभावकारी नियमनका लागि संयुक्त अनुगमनको अभ्यास थालिएको छ । यस अन्तर्गत प्रहरी, सशस्त्र प्रहरी र भन्सार नाकाहरूसँगको समन्वयमा संयुक्त रूपमा औषधि अनुगमनको काम हुँदै आएको छ ।देशभर औषधि पसल र फार्मेसीको संख्या २६ हजार हाराहारी छ । औषधि उद्योगको संख्या १३० पुगेको छ । नियमनकारी निकाय अन्तर्गत केन्द्र र मातहतका कार्यालय गरी कुल ११५ जनामात्रै जनशक्ति छ । त्यसमध्ये पनि निरीक्षण गर्ने जनशक्ति २४ जनामात्रै छ । जसले गर्दा बजार अनुगमन निष्प्रभावी बनेको छ ।विभागको केन्द्रीय कार्यालयसहित तीन ठाउँमा शाखा कार्यालय छ । विराटनगर, वीरगञ्ज र नेपालगञ्जमा शाखा कार्यालय रहे पनि आयुर्वेद जनशक्ति एक जनामात्रै छन् । देशभर ५२ वटा आयुर्वेद उद्योग छन् । जनशक्ति अभावमा उद्योग तथा औषधि पसलको अनुगमन प्रभावित भएको छ ।**-रातोपाटी डटकम**

बाल अधिकारको सम्मान...

...बाल अधिकारसम्बन्धी महासन्धिको पक्ष राष्ट्र बनेपछि नेपालले यस क्षेत्रमा कानुनी तथा संस्थागत रूपमा विभिन्न प्रयास गर्दै आएको छ । नेपालको संविधान २०७२ को धारा ३९ मा बालबालिकाको हकलाई मौलिक हकका रूपमा व्यवस्था गरिएको छ । उक्त संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न बालबालिकासम्बन्धी ऐन, २०७५ तथा बालश्रम निषेधसम्बन्धी कानुनी व्यवस्था लागू गरिएको छ ।

त्यसैगरी बाल अधिकारको संरक्षण र प्रवर्द्धनका लागि राष्ट्रिय बाल अधिकार परिषद् सक्रिय रहेको छ। स्थानीय तहमा बाल कल्याण अधिकारीको व्यवस्था तथा बालमैत्री स्थानीय शासन प्रवर्द्धनका कार्यक्रम सञ्चालन हुनु पनि यस क्षेत्रका सकारात्मक प्रयास हुन् । यद्यपि कानुन र नीतिगत व्यवस्थाका बावजुद बालबालिकाले भोग्नुपरेका समस्या अझै पूर्ण रूपमा अन्त्य हुन सकेका छैनन् । बालश्रम, बालविवाह, हिंसा, दुर्व्यवहार, बेचबिखन, विद्यालयबाहिर रहेका बालबालिका तथा आर्थिक र सामाजिक विभेदजस्ता चुनौती कायमै छन् । कतिपय बालबालिका आधारभूत शिक्षा, स्वास्थ्य सेवा र पोषणबाट समेत वञ्चित छन् । बालबालिकाका अधिकार कागजमा सीमित नराखी उनीहरूको दैनिक जीवनमा अनुभूत हुने गरी कार्यान्वयन गर्नु आजको आवश्यकता हो । यसका लागि कानुनको प्रभावकारी कार्यान्वयनसँगै परिवार, विद्यालय, समुदाय र सम्बन्धित निकायबीच समन्वय आवश्यक छ । बालबालिका भोलिका कर्णधार मात्र होइनन्, आजका सक्रिय नागरिक र समाजका अभिन्न साझेदार पनि हुन् । उनीहरूको विचार सुन्ने, क्षमता पहिचान गर्ने र निर्णय प्रक्रियामा सहभागी गराउने वातावरण निर्माण गर्नुपर्छ । नोभेम्बर २० केवल औपचारिक कार्यक्रम र दिवस मनाउने अवसर मात्र नभई बालबालिकाको अधिकार सुनिश्चित गर्न अएका प्रयासको समीक्षा गर्दै बाँकी चुनौती समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्ने दिन पनि हो । आज बालबालिकाको शिक्षा, स्वास्थ्य, सुरक्षा र विकासमा गरिने लगानीले नै भोलिको समुन्नत, सभ्य र समावेशी राष्ट्र निर्माणको आधार तयार पार्छ । त्यसैले 'मेरो दिन, मेरो अधिकार, मेरो भविष्य' भन्ने नारालाई व्यवहारमा उतार्दै प्रत्येक बालबालिकाले सम्मानपूर्वक बाँच्न, सिक्न, हुर्कन र आफ्नो भविष्य आफैंले निर्माण गर्न सक्ने बालमैत्री समाज बनाउन सबैले आ-आफ्नो ठाउँबाट जिम्मेवारी निर्वाह गर्न आवश्यक छ । आज बालबालिकामा गरिएको सानो लगानीले भोलिको समुन्नत राष्ट्र निर्माण गर्दछ । तसर्थ, आउनुहोस् आजैबाट बालमैत्री समाज निर्माणमा हातेमालो गरौं ।

(लेखक आचार्यसँग लामो समय बालमैत्री कार्यक्रमको फोकल पर्सन भएर काम गरेको अनुभव छ । हाल उनी जिल्ला समन्वय समिति पाल्पामा कार्यरत छन् ।)

आज विश्व बाल दिवस मनाइँदै



पाल्पा, मंसिर ३/ बालबालिकाको अधिकार सुनिश्चित गर्ने, उनीहरूको संरक्षण र विकासमा जोड दिने तथा बालमैत्री समाज निर्माणका लागि जनचेतना फैलाउने उद्देश्यले आज विश्व बाल दिवस मनाइँदै छ । हरेक वर्ष नोभेम्बर २० तारिखका दिन संयुक्त राष्ट्रसंघीय बाल अधिकारसम्बन्धी महासन्धि पारित भएको दिनको सम्झनामा यो दिवस मनाउने गरिन्छ ।

सन् १९५४ देखि मनाउन थालिएको यस दिवसले बालबालिकाको हक, हित र अधिकारप्रति विश्व समुदायको ध्यानाकर्षण गराउँदै आएको छ । सन् १९८९ नोभेम्बर २० मा संयुक्त राष्ट्रसंघको महासभाले बाल अधिकारसम्बन्धी महासन्धि पारित गरेको थियो । यस वर्ष विश्व बाल दिवसको अन्तर्राष्ट्रिय नारा 'मेरो दिन, मेरो अधिकार, मेरो भविष्य' रहेको छ । यस नाराले बालबालिकालाई आफ्ना विचार, भावना र भविष्यका आकांक्षा व्यक्त गर्ने अवसर दिनुका साथै उनीहरूको आवाजलाई सम्मान गर्नुपर्ने सन्देश दिएको छ । बालबालिका राष्ट्रका भविष्य मात्र नभई वर्तमानका महत्वपूर्ण हिस्सा पनि हुन् । उनीहरूलाई शिक्षा, स्वास्थ्य, पोषण, संरक्षण, सहभागिता र मनोरञ्जनको अधिकार सुनिश्चित गर्नु राज्य, परिवार र समाज सबैको दायित्व हो। बालबालिकाको सर्वाङ्गीण विकासका लागि सुरक्षित वातावरण निर्माण गर्नुका साथै उनीहरूमाथि हुने हिंसा, दुर्व्यवहार, शोषण, बालश्रम, बालविवाह र विभेदको अन्त्य गर्न आवश्यक छ । नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकका रूपमा व्यवस्था गरेको छ । बालबालिकालाई नामकरण र जन्मदर्ता, शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद तथा मनोरञ्जनको अधिकार सुनिश्चित गरिएको छ । तर अझै पनि कतिपय बालबालिका गरिबी, अशिक्षा, कुपोषण, बालश्रम, हिंसा र विभिन्न प्रकारका विभेदको जोखिममा छन् । बाल अधिकार सम्बन्धिका अन्य प्रतिबद्धताहरूको समूचित कार्यान्वयन हुन सकेको छैन ।

बालअधिकार संरक्षण, प्रवर्द्धन र परिपूर्तिको सन्दर्भमा नेपाल सरकारले अधिकारप्राप्त निकायहरुबाट प्राप्त गरेका सिफारिसहरुलाई समयमै कार्यन्वयन गर्न सकेको छैन । बालबालिकाको क्षेत्रमाकाम गर्ने सरकारी तथा गैरसरकारी संस्थालाई दिवसका दिन भ्याइ-नभ्याई नै हुने गरेको छ । तर बालबालिकाको विकास, सहभागिता र बाल अधिकार संरक्षण कागज र नारामै सीमित छ । उचितस्याहार सुसार, शिक्षा, स्वास्थ्यजस्ता आधारभूत बाल अधिकार पनि बालबालिकाले पाउनसकेका छैनन् । बाल अधिकार हनन् हुन नदिने तीनै तहका सरकारका योजना कार्यान्वयन नहुँदा बालश्रम कायमै छ । सडक बालबालिकाको उद्धार र पुर्नस्थापना पनि कागजमै सीमित छ । बालबालिकामाथि हुने विभिन्न घटना तथा हिंसा अझै पनि उस्तै छन् । सरकारले अहिलेसम्म बालबालिकाको क्षेत्रमा कुनै पनि खास अध्ययन अनुसन्धान गरेको पाइँदैन । बरु उसले प्रत्येक वर्ष सार्वजनिक सञ्चार माध्यममा आएका घटना समेटेर सार्वजनिक गर्दै आइरहेको छ । सरकारी तथ्याङ्क भन्दा धेरै घटना भने अझै समाजबाट बाहिर आउन सकेका छैनन् । तर पनि सार्वजनिक भएका तथ्याङ्कलाई हेर्दा चिन्ताजनक अवस्था रहेको पाइन्छ । बालश्रम, बलात्कार, मृत्यु, बाल विवाह, हत्या, बेचबिखन तथा ओसार(प्रसार, कुपोषण, गर्भपतन, आत्महत्या, अपहरण र शारीरिक सजाय जस्ता बालबालिकासम्बन्धी घटनाहरु हुने गर्दछन् । दिवसले बालबालिकाका अधिकारका विषयमा औपचारिक चर्चा गर्ने मात्र नभई उनीहरूको वास्तविक अवस्था पहिचान गरी समस्या समाधानका लागि व्यवहारमै पहल गर्नुपर्ने आवश्यकता औंल्याएको छ । बालबालिकालाई आफ्ना कुरा राख्न, निर्णय प्रक्रियामा सहभागी हुन र आफ्नो रुचिअनुसार प्रतिभा विकास गर्न सक्ने वातावरण तयार गर्नु आवश्यक छ । बालबालिकाको सुरक्षित, सम्मानजनक र अवसरयुक्त भविष्य निर्माण गर्नु सबैको साझा जिम्मेवारी हो । उनीहरूको अधिकारको सम्मान गर्दै हिंसारहित, विभेदरहित र बालमैत्री समाज निर्माण गर्न सके मात्र विश्व बाल दिवसको सार्थकता पुष्टि हुनेछ ।

आजदेखि पाल्पामा...

...सत्यवती बज्यै कानले नसुन्ने बहिरी भएकाले भक्तजनले सत्यवती ताल नजिकै पुगेर चिच्याएर मनमा चिताएको वर मागेमा बज्यैले पूरा गरिदिने जनविश्वास रहेको छ । यही विश्वासका कारण यहाँ हरेक वर्ष तिहारपछिको पूर्णिमाको मेलामा हजारौं भक्तजन वर माग्ने मेलामा सहभागी हुने गर्दछन् । वर माग्ने भक्तजनले बाँस, निगालो, साल आदि जातका लिङ्गो लिएर रातिको समयमा तालमा गाड्ने र आफूले गाडेको लिङ्गो भोलिपल्ट चिनेर त्यही पूजा गरेपछि घरमा फर्केने परम्परा रहेको छ । ताल नजिकै रहेको मन्दिरमा बोका, पाठी लगायतको बली चढाउनुका साथै परेवा उडाउने प्रचलन रहेको छ । यहाँ परापूर्व कालदेखि नै वर माग्नका लागि नेपालका विभिन्न जिल्लासहित भारतबाट समेत भक्तजन आउने गरेको स्थानीयहरु बताउँछन् ।

सत्यवती बज्यैको नयाँ मन्दिर निर्माण सत्यवती बज्यैको नयाँ मन्दिर निर्माण भएको छ । पुरानो मन्दिर जीर्ण भएकाले गाउँपालिकाको सहयोगमा मन्दिर विकास समितिले नयाँ मन्दिर निर्माण गरेको हो । ६५ लाख रुपैयाँभन्दा बढी लागतमा तीनतले मन्दिर निर्माण गरिएको मन्दिर तथा ताल संरक्षण विकास समितिका अध्यक्ष गाहाले बताए । मन्दिर निर्माण सम्पन्न भएसँगै यस वर्ष कात्तिके पूर्णिमाको अवसरमा लाग्ने सत्यवती मेलामा आउने भक्तजनले नयाँ मन्दिरमा पूजा गर्न पाउने उनले बताए । मन्दिर निर्माणमा गाउँपालिका र मन्दिर समितिको गरी ६५ लाख ५८ हजार रुपैयाँभन्दा बढी खर्च भएको तिनाउ गाउँपालिका अध्यक्ष प्रेम श्रेष्ठले बताए । "पुरानो मन्दिर धेरै जीर्ण र सानो थियो," उनले भने, "मन्दिर सत्यवती ताल क्षेत्रको गुरुयोजनाअनुसार नै बनेको छ ।" यसैगरी सत्यवती तालसम्म पुग्ने भुम्सा-गोबरबन्दी सडकको ग्राभेल तथा स्तरोन्नतिको काम समेत भएको छ ।

खेलकुद समाचार

नेपालले बंगलादेशसँग टी-२०आई खेल्ल



काठमाडौं, मंसिर ३/ नेपालले सन् २०२७ जुन ३ मा विश्वप्रसिद्ध लर्ड्स क्रिकेट मैदानमा बंगलादेशसँग टी-२० अन्तर्राष्ट्रिय खेल खेल्ने भएको छ। मेरिलेबोन क्रिकेट क्लब (एमसीसी) ले बिहीबार नेपाल भ्रमणको खेल तालिका सार्वजनिक गरेको हो।

एमसीसीको आयोजनामा हुने इंग्ल्यान्ड भ्रमणका क्रममा नेपालले बंगलादेशसँग लर्ड्समा खेल्नेछ। उक्त खेल सोही दिन लर्ड्समा हुने मिडलसेक्सको टी-२० ब्लास्ट खेलसँगै आयोजना हुनेछ। यो लर्ड्समा पुरुष अन्तर्राष्ट्रिय र घरेलु क्रिकेटको खेल एकै दिन आयोजना हुन लागेको पहिलो अवसर हुनेछ। बंगलादेशले लर्ड्समा पहिलो पटक पुरुष टी-२० अन्तर्राष्ट्रिय खेल खेल्न लागेको हो। यसअघि सन् २०२६ मा बंगलादेशको महिला टोलीले लर्ड्समा खेलेको थियो। नेपालले भने लर्ड्समा दोस्रो पटक टी-२० अन्तर्राष्ट्रिय खेल्न लागेको हो। नेपालले यसअघि सन् २०१८ मा नेदरल्यान्ड्ससँग त्यहाँ खेलेको थियो।भ्रमणका क्रममा नेपालले आयरल्यान्ड र स्कटल्यान्डसँग पनि खेल्नेछ। ती खेल अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) बाट मान्यताप्राप्त हुनेछन्।नेपालले जुन १ मा वर्म्सलीमा स्कटल्यान्डसँग ५० ओभरको खेल खेल्नेछ। त्यसपछि जुन ३ मा लर्ड्समा बंगलादेशसँग टी-२० खेल हुनेछ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

सेयर बजारमा सामान्य सुधार



पाल्पा, मंसिर ३/ बिहीबार सेयर बजार परिसूचक नेप्सेमा सामान्य सुधार देखिएको छ । नेप्से परिसूचक ३ दशमलव ६२ अंकले बढेर २ हजार ६ सय २८ दशमलव ६७ विन्दुमा अडिएको हो ।

अघिल्लो दिन बुधबार नेप्से परिसूचक ११ दशमलव ०५ अंकले घटेर थियो । नेप्से परिसूचक सामान्य अंकले बढेपनि कारोबार रकममा भने बुधबारको तुलनामा गिरावट आएको छ । ३४७ वटा स्किप्सको ९४ लाख ३७ हजार ८४२ कित्ता सेयर ३ अर्ब ८७ करोड ७६ लाख ४५ हजार ७२८ रुपैयाँमा खरिदबिक्री भए । बुधबार ४ अर्ब १५ करोडको सेयर कारोबार भएको थियो । कारोबारमा आएकामध्ये १३८ वटा स्टक्सको मूल्य बढ्दा १३२ वटाको घट्यो । बाँकी १० वटा स्टक्सको मूल्य भने स्थिर रह्यो । सो अवधिमा कुनै पनि कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार हुन सकेन ।

बाल अधिकारको रक्षा गरौं

-उचित वातावरण, पोषण, शिक्षा, खेल, मनोरञ्जन र विकासको अवसर पाउनु प्रत्येक बालबालिकाको अधिकार हो।

-शोषण, दुर्व्यवहार र बालश्रमबाट बालबालिकालाई बचाऔं।

- बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सुचित गरिन्छ की स्याङ्जा जिल्ला साविक पकवादी गा.वि.स.-२, हाल रुपन्देही जिल्ला बुटवल उपमहानगरपालिका-१५ निवासी भारतिय भू.पू.सैनिक नं.5840420 Y का SEP देवी प्रसाद उपाध्या (ना.प्र.मा देवीलाल गैह्रे) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा लिला कुमारी र जन्म मिति सन् १५५५ फेब्रुअरी ११ (वि.स.२०१५/१०/२५) र नेपाली नागरिकता प्रमाणपत्रमा लिला देवी गैह्रे, जन्म मिति वि.स. २०१६/०३/१६ (सन् १५५५ जुन ३०) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सुचित गरिन्छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय कैलाशनगर ५,तानसेन,पाल्पा,फोन ०७५ ५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.ह.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा मरुराई, सम्पादक: रामचन्द्र रायामाझी, प्रधान सम्पादक: जगदीशप्रसाद मरुराई